जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)–०३९/०४०
# नवीन साप्ताहिक
म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक १२ २०७९ साल कार्तिक ६ गते आइतवार (23 Oct 2022 Sunday) मूल्य रु. ७/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** क्षेत्र नं. २ को प्रदेशसभा ख मा पनि ... **पृष्ठ ३ मा :** जनस्वास्थ्य विषय अध्ययनः देशमा ... **पृष्ठ ५ मा :** मधेश प्रदेश क्रिकेट छनोट ... **पृष्ठ ५ मा :** नौ महिने छोरीको हत्या ...

# सप्तरी २ को प्रदेशसभा क मा त्रिपक्षिय भिडन्त

**राजविराज**/सप्तरीको क्षेत्र नं. २ को प्रदेश सभा क मा मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, निवर्तमान गाउँपालिका अध्यक्ष सतिश सिंह र लोसपाका युवा नेता सरोज मंडलबीच त्रिपक्षिय भिडन्त हुने सम्भावना देखिएको छ।

मन्त्री शैलेन्द्र साह जसपा-एमाले गठबन्धन, सतिश सिंह जनमत पार्टी तथा सरोज मण्डल सत्तारुढ गठबन्धनका साझा उम्मेदवार हुन।

यस क्षेत्रबाट नेमकिपाका विनादेवी यादव, नेपाली काँग्रेस (विपी)का रामनारायण राय, हाम्रो नेपाल पार्टीका कन्हैया कुमार ठाकुर, जनता प्रगतिशील पार्टीका सत्य नारायण मुखिया, राप्रपा नेपालका कालीचरण राय, राप्रपाका जयनारायण मंडल पनि चुनावी मैदानमा छन्। यस्तै स्वतन्त्र तर्फ चन्द्रकला सिंह, पुनिता कुमारी ठाकुर, कामेश्वर मंडल, रजत सिंह, रुपेश मंडल, गिरिधर





मंडल र धीरेन्द्र कुमार साह पनि चुनावी मैदानमा छन्।

यस क्षेत्रमा कुल ४९ हजार ९ सय १८ मतदाता रहेका छन्। यस क्षेत्रमा तिलाठी कोइलाडी र छिन्नमस्ता गाउँपालिका तथा महादेवा गाउँपालिकाको ४ वटा वडा पर्दछ।

स्थानिय निर्वाचनको मत परिणामका आधारमा सत्तारुढ गठबन्धन दलको कुल मत २१ हजार ५ देखिएको छ। जसपा-एमाले गठबन्धनको पक्षमा भने ७ हजार ४ सय ३६ मत देखिएको छ। यस मतभारको आधारमा सत्तारुढ गठबन्धनका उम्मेदवार सरोज प्रतिस्पर्धी उम्मेवार जसपा-एमाले गठबन्धनका शैलेन्द्र भन्दा झण्डै १४ हजार मतले अगाडि तथा सुविधामा देखिन्छन।

स्थानीयतहको निर्वाचनमा तिलाठी कोइलाडी गाउँपालिकामा काँग्रेस र छिन्नमस्ता तथा महादेवा गाउँपालिकाको प्रमुख पद लोसपाको पोल्टामा गएको छ। यो क्षेत्रमा पर्ने ३ पालिका मध्ये कुनै पनि पालिकाको प्रमुखमा जसपाले खाता खोल्न सकेन।

त्यती बेला माओवादीमा रहेका सरोज पार्टी परिवर्तन गरी लोसपामा र राजपामा रहेका शतिष अहिले जनमत पार्टीमा प्रवेश गरी चुनावी मैदानमा होमिएका हुन्।

प्रदेशसभाको निर्वाचनमा स्थानियतहको प्राप्त मत फेरबदल हुन नदिन मंडल कम्मर कसेर लागेका छन्। २०७४ सालको चुनावमा संघीय समाजवादी फोरम पार्टीबाट उम्मेदवार रहेका शैलेन्द्रलाई तत्कालिन राजपा हालको लोसपाको साथ र सहयोग थियो।

*बाँकी अन्तिम पृष्ठमा*

**मंगलमय शुभकामना**

२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सम्पूर्ण ग्राहक, पाठक, शुभचिन्तक एवं बिज्ञापनदाताहरुमा सुस्वास्थ्य एवं दिर्घायुको मंगलमय शुभकामना ब्यक्त गर्दछौं।





नवीन साप्ताहिक
परिवार

# शोषित उत्पीडित जनताको हक अधिकार स्थापित गराउन संघर्षरत छु : उपेन्द्र यादव



**राजबिराज**/जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले शोषित, उत्पिडित जनताको अधिकार स्थापित गराउन हामी संघर्षरत रहेको बताएका छन्।

राजबिराज वडा नं. २ स्थित स्थानिय मतदाताहरू सँगको चुनाबी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन्।

*बाँकी पाँच पृष्ठमा*

**चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।**
**चाडपर्वमा फजुल खर्च नगरौं।**

**हाम्रा साँस्कृतिक पर्वहरूको जगेर्ना गरौं।**
**मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, "**बचत गरौं समृद्ध वनौं**"

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### स्वास्थ्य र शैक्षिक संस्थामाथी अझै निगरानी आवश्यक

शैक्षिक संस्थामाथी लगानी गर्ने उद्देश्य दक्ष जनशक्ति उत्पादन गर्नु हो । सरकारले सबैभन्दा बढी शिक्षा र स्वास्थ्य क्षेत्रमै लगानी गर्ने गरेको छ । तर, प्रतिफल भने आशलाग्दो छैन् । अहिले सप्तरीको अधिकांश स्वास्थ्य संस्थाहरु लथालिंग अवस्थामा छन् । स्थानिय निकायको मातहतमा आएपछि स्वास्थ्य संस्थाहरु लथालिंग भएको हो । कतिपय स्वास्थ्य संस्थामा कर्मचारीको अभावका साथै कर्मचारी भएपनि काम भने शुन्य रहेको छ । स्वास्थ्य संस्थामा सरकारले उपलब्ध गराएको निशुल्क औषधी बितरण अत्यन्त न्यून मात्रामा हुने गरेको छ । जसबाट सरकारी सेवासुविधा पाउन जनता बञ्चित हुने गरेका छन् । कर्मचारीहरु समयमा नआउनु तथा बिरामीहरुको उपचारमा हेलचक्राई हुने गरेको छ । बिहान १० बजे कार्यालय खुल्नु पर्नेमा १२ बजेसम्म पनि खुल्दैनन् । यदी खुलेमा स्वास्थ्यकर्मीहरु १२ बजेपछि आउने परम्परा बसेको छ ।

यस्तै अवस्था सरकारी शिक्षण संस्थाको पनि रहेको छ । समयमा शिक्षकहरु नआउने, विद्यार्थीको संख्या न्यून तथा पूरा समय पढाई नहुने । सरकारी विद्यालयका शिक्षकहरु अन्य काममा लाग्ने तथा विद्यार्थीहरुको पढाई उचित ढंगले नहुने कारणले सरकारी शिक्षा प्रभावकारी हुन सकेको छैन् ।

तसर्थ सम्बन्धीत निकायले शिक्षा तथा स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रमा दवाबकारी निगरानी बढाउनु अति आवश्यकता छ भने सरकारी शिक्षकहरुमाथी स्थानिय सरकारले समन्वय गरि पढाईप्रति गम्भिर गराउन समेत पहल जरुरी छ ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


# क्षेत्र नं. २ को प्रदेशसभा ख मा पनि त्रिपक्षिय प्रतिस्पर्धा हुने सम्भावना







**राजविराज**/सप्तरीको निर्वाचन क्षेत्र २ को ख मा त्रिपक्षिय प्रतिस्पर्धा हुने भएको छ ।

४५ हजार ४ सय ७६ मतदाता रहेको यस क्षेत्रमा १४ जना उम्मेदवार चुनावी मैदानमा छन् ।

तर मुख्य प्रतिष्पर्धा भने जनमत पार्टीबाट पुर्व माओवादी नेता महेश यादव, सत्तारुढ गठबन्धनबाट पुर्व मन्त्री एवं माओवादी नेता उमेश यादव र जसपा-एमाले गठबन्धनबाट जसपा नेता लक्ष्मण यादवबीच नै हुने अनुमान गरिएको छ ।

यस क्षेत्रमा राजविराज नगरपालिकाको सबै १६ तथा महादेवा गाउँपालिकाको २ वटा वडा पर्दछ । स्थानीयतहको निर्वाचनमा यस क्षेत्रमा जसपाले प्रमुख पदमा १० हजार ३ सय ४५ र एमालेले १ हजार ३ सय ८७ मत प्राप्त गरेको थियो ।

यस्तै माओवादीका प्रमुखका उम्मेदवारले ५ हजार ४ सय ४६, काँग्रेसका प्रमुखका उम्मेदवारले ४ हजार ७ सय ६७, लोसपाका प्रमुखका उम्मेदवारले ३ हजार ४ सय ८१, एकिकृत समाजवादीका प्रमुखका उम्मेदवारले २ हजार ८ सय ९० मत ल्याएका थिए ।

यस्तै जनमत पार्टीका प्रमुख पदका उम्मेदवारले १ हजार १ सय ७ मत ल्याएको थिए । यस मतभारको आधारमा अहिल सत्ता गठबन्धनका उम्मेदवार बलियो देखिन्छ ।

अघिल्लो चुनावमा यस क्षेत्रबाट संघिय समाजवादी फोरम र राजपा गठबन्धनका साझा उम्मेदवार मनिष सुमन निर्वाचित भएका थिए । उनी यस पल्ट समानुपातिक तर्फका उम्मेदवार बनेका हुन् । त्यतिबेला उनका निकटतम प्रतिद्वन्दी रहेका माओवादी केन्द्रका महेश यादव अहिले सो पार्टी त्यागेर जनमत पार्टीबाट उम्मेदबार बनी दोश्रो पल्ट चुनावी मैदानमा उत्रेका हुन् । भारोत्तोलन संघ सप्तरीका अध्यक्ष समेत रहेका महेशको राजविराज नगरपालिका क्षेत्रमा राम्रै पकड भएको धेरैको आकलन छ ।

सत्तारुढ गठबन्धनका उम्मेदवार माओवादीका उमेश यादव र जसपाका लक्ष्मण यादव पनि नगर क्षेत्रमा पकड बलियो बनाउन भरपूर्ण प्रयास गरिरहेका छन् । ग्रामिण क्षेत्रमा भने ३ वटै उम्मेदारको मतभार उस्तै उस्तै रहेको प्रदेशसभा निर्वाचनलाई नजिकबाट नियाली रहेका राजनीतिक विशलेषकहरु बताउँछन् ।

एउटै पार्टीमा रहेका महेश र उमेश पछिल्लो केही वर्ष यता फरक गुटमा रहेपनि निर्वाचनमा पार्टी नै परिर्वतन गरी महेश सहयात्री उमेशको प्रतिस्पर्धी नै बनेर चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् ।


यस क्षेत्रबाट जसपा-एमाले गठबन्धनका साझा उम्मेदवार लक्ष्मण यादव पनि प्रतिस्पर्धामा छन् । एमालेसँग गर्नू परेको गठबन्धनको कारणबारे कार्यकर्ता र मतदातालाइ सम्झाउँदै लक्ष्मण पनि जित निकाल्ने दाउमा छन ।

यस क्षेत्रबाट नेमकिपाका महिदेव चौधरी, राप्रपा नेपालका फुदन लाल खंग, राप्रपाका फुलेन्द मण्डल, नेपाल संघिय समाजवादी पार्टीका मो.परमुद, हाम्रो नेपाली पार्टीका खेलानन्द कुमार दास र स्वतन्त्र तर्फ सकुन्तला देवी यादव, रिंकु देवी यादव, गंगा राम यादव, निरज कुमार शाही र दुर्गानन्द यादव पनि चुनावी मैदानमा छन् ।


**हार्दिक मंगलमय शुभकामना**




२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




**शत्रुघन प्रसाद गुप्ता**
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लिमिटेड, परिवार
राजविराज ३, सप्तरी

**हार्दिक मंगलमय शुभकामना**




२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**सचिन्द्र दास**
अध्यक्ष, तथा
जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, परिवार
राजविराज, सप्तरी

# जनस्वास्थ्य विषय अध्ययन: देशमा रोजगारीको अवसर कि वैदेशिक यात्राको बाध्यता !

स्वास्थ्य क्षेत्र धेरै विषयहरुले भरिपूर्ण छ। आजको २१ औं शताब्दीमा मानिसहरुको दैनिक जीवनको हरेक क्रियाकलापलाई स्वास्थ्यको दृष्टिकोणले हेर्ने गरिन्छ। यसमा क्षेत्रमा चिकित्सक, प्रयोगशालाकर्मी, जनस्वास्थ्यकर्मीदेखि औषधि विज्ञानमा कार्यरत सम्पूर्ण व्यक्ति पर्दछन्। सबै स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीको भूमिका धेरै नै प्रसंशायोगुय छ। यीनै विषयमध्ये जनस्वास्थ पनि स्वास्थ्य क्षेत्रको एक प्रमुख विषयको रुपमा रहेको छ।

यसैबीच पछिल्लो समय महामारीको रुपमा फैलिएको कोभिड-१९ को प्रकोपले गर्दा पनि जनस्वास्थ्य पेशाले विश्वमा छुट्टै छाप छोड्न सफल भएको छ। कोभिड-१९ को कारणले गर्दा हरेक क्रियाकलापमा उल्लेख भएको जनस्वास्थ्यका मापदण्ड भन्ने शब्दले पनि यसको थप महत्व बढाईरहेको छ। विगतका वर्षमा मानिसहरुको मानसपटलमा हात धुन सिकाउने विषयको रुपमा मात्रै सिमित जस्तो देखिएको जनास्वस्थ्यले महामारीको समयमा विश्वलाई खोपको माध्यमबाट आफूलाई जनमानसमा थप परिचित गराउन र आफ्नो दायरा फराकिलो देखाउन सफल भएको छ।

जनस्वास्थ्य विषय स्नातक तहको परामेडिक्सतर्फ छुट्टै विषयको रुपमा अध्ययन गर्ने गरिन्छ। स्नातक तहमा यस विषय अध्ययन गर्न प्लसटुमा विज्ञान संकाय लिएको तथा स्वास्थ्य विज्ञानको कुनै पनि विषय अध्ययन गरेर समकक्षता लिएको हुनुपर्छ भने स्नाकोत्तर अध्ययन गर्नको लागि स्वास्थ्य विज्ञान संकायमा स्नातक गरेको हुनु पर्दछ। चिकित्सा शिक्षा आयोगको भर्ना प्रक्रिया हेर्दा हाल स्नातक तहमा ३७ वटा शैक्षिक संस्थामार्फत १ हजार ३ सय ५० वटा कोटा रहेको छन् भने स्नाकोत्तर तर्फ १३ शैक्षिक संस्थामार्फत १ सय ६५ वटा कोटा रहेको छन्। भर्ना प्रक्रिया हेर्दा स्नाकोत्तरतर्फ धेरै जसो कोटामा विद्यार्थी भर्ना भएको देखिएको छ भने स्नातक तर्फका अधिकाश शैक्षिक संस्थाहरुमा विधार्थीको अभाव देख्न सकिन्छ। यसै वर्ष चिकित्सा शिक्षा आयोगबाट लिएको स्नातक तर्फको परीक्षामा १ हजार ३ सय ५० सिटमध्ये ९ सय ३१ सिट रिक्त रहेको छ। यसले पनि आभिभावक र विधार्थीको रोजाईको विषय नभएको निष्कर्ष निकाल्न सकिन्छ।

विसं २०७२ सालमा गएको भूकम्पको अवस्थाले सिर्जना गराएको जनस्वास्थ्य अध्ययन गर्ने विधार्थीको चाप हालको अवस्था हेर्दा ठ्याकै विपरित देख्न सकिन्छ। कुनै पनि अभिभावकले आफ्ना सन्तानले अध्ययन गर्ने विषयको बारेमा बुजेर मात्र अध्यापन गराउने गर्छन्। हालको परिस्थिति हेर्दा यो विषय न त आभिभावक न त विधार्थीको छनोटमा परेको देख्न सकिन्छ। कुल १ हजार ३ सय ५० मध्ये दुई तिहाई प्रतिशत भन्दा बढी कोटा खालि हुनुले यसलाई पुष्टि गरेको छ। हालसम्म अध्ययन गरेका विद्यार्थीहरुको पनि वैदेशिकयात्राको लहरले गर्दा पनि जनस्वास्थ्य पेशाको भविष्य माथि प्रश्न चिन्ह खडा भएको छ।

जागिरको कम अवसर, निम्न आय, चर्को अध्ययन शुल्क र वैदेशिक भविष्यको खोजि जस्ता कारणले गर्दा विद्यार्थीहरुको अन्तर्राष्ट्रिय विश्वविद्यालयमा आकर्षित हुने गरेको देखिन्छ। यस्तो परिस्थितिको कारण नेपालमा जनस्वास्थ्य विषय अध्ययन गराउने शैक्षिक संस्थाहरु थप बेरोजगार उत्पादन गर्ने थलो बन्नेमा दुई मत छैन।

हाल त्रिभुवन विश्वविद्यालयमा स्नातक तह अध्ययनरत एक विद्यार्थी भन्छन्, हालको अवस्थामा जनस्वास्थ्य अध्ययनपछि आफ्नो भावी योजना प्रष्ट नभएको र अध्ययन पश्चात केही समयको वैदेशिक अनुभव लिएर पछि आफ्नै देशमै केही गर्ने सोच भएको बताउँछन्। नेपालमा जनस्वास्थ्यको क्षेत्र व्यापक भएता पनि आफू निपुर्ण नभए दिगो रुपमा स्थापित हुन गाह्रो हुने उनको बुझाई छ। वैदेशिकशिक्षाको सन्दर्भमा उनि भन्छन् "नेपालमा चिकित्सा शिक्षा व्यवारिक र राम्रो भएता पनि विश्वविद्यालयमा हुने चरम राजनीतिले गर्दा यहाँ थप अध्ययनलाई समय खर्च गर्न सकिने अवस्था छैन।" नेपालमा चिकित्सा क्षेत्र अध्ययन गर्न लाग्ने खर्चले विदेशको राम्रो विश्वविद्यालयमा छात्रवृत्तिमा अध्ययन गर्न सकिने उनको भनाई छ।

जनस्वास्थ्य अध्ययन गरेर जागिरे जिवनमा रहेका अर्का एक जनस्वास्थ्यकर्मीको बुझाईमा जनस्वास्थ्य क्षेत्रमा जागिरका लागि ज्यादै न्यून अवसर रहेको र खुलेका विज्ञापनमा पनि न्यूनतम योग्यतामा जनस्वास्थ्यसँगै समाजशास्त्र अध्ययन गरेकालाई पनि प्राथमिकता राखिदा आफूहरु आवसरबाट बन्चित हुनु परेको छ। अहीलेको आवस्थामा रोजगारी योग्यताले मात्रै भन्दा पनि पहुँचको आधारमा प्राप्त हुने भएकोले निजि संस्थाका जागिरमा पनि सन्तुष्ट हुने सकिने अवस्था नरहेको उनी बताउँछन्। उनको बुझाईमा नेपालमा स्नातक र स्नाकोत्तर तहको अध्ययनको गुणस्तर ज्यादै न्यून रहेको र अध्ययन शुल्क पनि धेरै भएको हुँदा स्नातकमा जनस्वास्थ्य अध्ययन गरेका जनस्वास्थ्यकर्मीहरु सुनिश्चित भविष्यको खोजीमा विदेशीन बाध्य छन्।



अमृतराज पोखेल



मोनिका कोइराला

यस विषयमा जनस्वास्थ्यमा क्षेत्रमा कार्यरत गण्डकी प्रदेशका एक जनस्वास्थ आधिकृत भन्छन्, "विशेषगरीअहिलेका पिँढी बुजेर भन्दा पनि अरुको देखासिकी गरेर जनस्वास्थ्य क्षेत्रमा आएका कारण उनीहरुमा भविष्यमा के गर्ने भन्ने अन्योल रहने गरेको छ। यदि विषयको बारेमा राम्रोसँग बुझेर अध्ययन गर्ने मेहनेती विद्यार्थीको भविष्य उज्वल रहने कुरामा सङ्कोच छैन।" अहिलेको समयमा संघदेखि प्रदेश सम्मको लोकसेवामा यो विषयमा राम्रो अवसर रहनुका साथै स्वास्थ्य क्षेत्र रहेका राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थामा पनि उत्तिकै अवसर रहेको उहाँको बुझाई छ। यस बाहेक शिक्षण क्षेत्र, निजि व्यक्तिगत लगानीमा गरिने व्यापार, अनुसन्धानको क्षेत्र, कन्सल्टेन्सी सेवाहरुलाई पनि उनले अवसर रहेको बताउँछन्। हालको अवस्थामा जनस्वास्थ्य क्षेत्रमा मात्र नभई सबै क्षेत्रका व्यक्ति विदेशिने लहर रहेको देखिएको भन्दै उनले कोही पढ्न र सिक्न जान्छन् भने केहीले आफ्नो पेशा नै परिवर्तन गरेर उतै बस्न जाने गरेको अवस्था रहेको बताउँछन्।

विदेश जानुको पछाडी पनि धेरै कारण हुन्छन जस्तै कसैलाई पैसा कमाउने इच्छा हुनसक्ला, कोहिले देशमा अब अवसर छैन भनेर जाने निर्णय लिएको हुनसक्छन्। कोही अरु साथी आफन्त गएको देखेर गएका हुन सक्छन्। यी सबै कुरालाई नजिकबाट सम्बन्धित सरोकारवालाहरुले विश्लेषण गर्नुपर्ने अहिलेको आवश्यकता हो। हालको आवस्थामा जनस्वास्थ्य क्षेत्रका सरोकारवालाहरुले यस क्षेत्रको उपयुक्त योजना, वार्षिक जनशक्ति उत्पादन र यसको खपतको बारेमा विश्लेषण नगर्नु नै मुख्य समस्याको रहेको बताउँछन्। यदि यी समस्यालाई तालमेल गर्न सकिएको खण्डमा बल्ल यस क्षेत्रको प्रगति हुने देखिन्छ। यसका लागि अध्ययन गर्न तोकिएको सिट संख्या, पढ्ने विद्यार्थीको संख्या, पढेर बजारमा आउनेको जनशक्तिको संख्या र विभिन्न क्षेत्रमा रोजगारीको अवसरको संख्यामा तालमेल हुन जरुरी छ।

समग्रमा जनस्वास्थ्य क्षेत्रमा अवसर र चुनौतिहरु दुवै रहेका छन्। यदि यस क्षेत्रको बारेमा थाहा पाएर मिहेनेत गर्न सकियो भने भविष्य उज्ज्वल हुनेमा दुइ मत छैन। कोहि वैदेशिक अध्ययनमा गएर केहि नयाँ कुरा सिकेर आउँछन् भने नयाँ कुरालाई प्रयोगात्मक रुपमा परीक्षण गर्ने उपयुक्त क्षेत्र बन्न सक्ने प्रबल सम्भावना पनि उत्तिकै रहेको छ। तसर्थ देशमा रोजगारीका अवसर सृजना गर्न र वैदेशिकवसाईलाई निरुत्साहित गर्न सम्बन्धित निकाय र सरोकारवालाहरुको ध्यान जान जरुरी हुने देखिन्छ। नत्र जनस्वास्थ्य अध्ययन बेरोजगार जनशक्ति उत्पादन गर्ने माध्यम बन्ने पक्का छ। स्वास्थ्य खबरबाट


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोबाईल नं. ९८५२८२०९३५



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# व्यवसायिक स्वास्थ्य सुरक्षा र नेपालको सन्दर्भ



रामहरि अधिकारी

**व्यवसायिक स्वास्थ्य सुरक्षाको शब्दावलीको अर्थ र महत्व**

व्यवसायिक स्वास्थ्य सुरक्षा भनेको विभिन्न व्यवसायिक प्रतिष्ठान वा संघ संस्थामा कार्यरत वा निर्माण क्षेत्रमा कार्यरत श्रमिकहरुको स्वास्थ्यलाई उनीहरुको कामको दौरानमा सुरक्षित गर्ने कार्यलाई भनिन्छ । यस अन्तर्गत उद्योग, कल खारखाना, खानी, जलबिद्युत परियोजना, यातायात, कृषि वा गैह्र कृषि लगायतका हरेक श्रम आबश्यक पर्ने क्षेत्रहरु पर्दछन् ।

विश्वमा कार्यक्षेत्रमा हुने झन्डै ३४ करोड दूर्घटनाबाट वर्षेनी झन्डै १६ करोड मान्छेहरुलाई चोट पटक लाग्छ वा घाईते हुन्छन् भने २३ लाख मान्छेहरुको मृत्यु हुन्छ र कार्यक्षेत्रमा हुने दूर्घटनाहरुको कारण राष्ट्रहरुको कुल गार्हस्त्य उत्पादनमा ४ प्रतिशत क्षति हुन्छ भनेर अन्तराष्ट्रिय श्रम संगठनले भनेको छ । तर नेपालमा भने यतिनै मान्छेको मृत्यू हुन्छ भनेर कुनै आधिकारीक तथ्यांक पाईंदैन । बरु बैदेशिक रोजगार विभागले नेपाल बाहिर काम गर्न गएका कामदारहरुको मृत्यु र चोटपटकको तथ्यांक निकालेको छ । जसअनुसार गत आव २०७८/७९ मा १२४२ नेपालीहरुले विभिन्न देशमा रोजगारीको सिलसिलामा कामसंग सम्बन्धीत कारणले जीबन गुमाए । तथापी अन्तराष्ट्रिय श्रम संगठनले दिएको विश्वभरको तथ्यांकलाई नेपालको जनसंख्याको अनुपातसंग तुलना गर्ने हो भने नेपालमा कामसंग समन्धीत कारणले वर्षेनी १२ लाख दूर्घटना हुने र त्यसमा ५ लाख ८० हजार जना घाईते हुने वा उनीहरुलाई चोटपटक लाग्ने र ८ हजारको मृत्यु भएको हुन सक्ने अनुमान हुन्छ । विश्वकै हिसाबमा नेपाल जस्तो देशमा कुल गा्हर्थ्य उत्पादनमा ४ प्रतिशतकै हाराहारीमा क्षति पुगेको अनुमान गर्न सकिन्छ र त्यो भनेको नेपालको ठूलो हानी हो ।

यसरी अनुमान गर्नुपर्नाको कारण नेपालमा दूर्घटना भएपछि त्यो दूर्घटनालाई तथ्यांकिकृत गर्ने र मानिस मरेपछि वा घाईते भएपछी कुन कारण मृत्यू भयो भनेर बिस्तृत रुपमा टिपोट राख्ने प्रचलन नभएकोले गर्दा हो ।

नेपालीहरु बिदेश गएर त्यहाँको ब्यबस्थित कार्य प्रणाली, व्यवसायिक सुरक्षा प्रतिको सचेतता र व्यवसायिक स्वास्थ्य समन्धी कानूनको कडा पालना भएका काम गर्दा त यति धेरै मृत्यु हुन्छ भने भर्खर यस बारेमा छलफल चलाउन थालेको हाम्रो जस्तो देशमा कति मान्छेको मृत्यू होला, अनुमान मात्र गर्न सकिन्छ ।

व्यवसायिक स्वास्थ्य र सुरक्षा लाई जनस्वास्थ्यको यौटा बिधाको रुपमा बुझिन्छ जसको उदेश्य कार्यस्थललाई स्वास्थ्य र सुरक्षाका मापदन्ड अनुसार सुधार गर्नु हो । यसले कामदारहरुको जनसंख्यामा घटित हुने दूर्घटनाहरुबाट सृजित हुने घाउ चोटपटकको चरित्रलाई अध्ययन गर्दछ र कामको समयमा उत्पन्न हुने जोखिमहरुको पहिचान र न्युनिकरण गर्ने विधीहरुबारे उचित पथप्रदर्शन गर्दछ । हरेक व्यवसायमा स्वास्थ्य समन्धी जोखिमहरु रहेका हुन्छन् र कामदारलाई सकेसम्म सुरक्षित तरिकाले काम गराउनु हरेक रोजगारदाताको जिम्मेवारी हो ।

यसलाई सामान्य भाषामा 'हरेक श्रमिक जसरी काम गर्न आएको थियो, त्यसरी नै घर फर्कियोस' भन्ने अर्थमा बुझ्न सकिन्छ ।

**नेपालमा व्यवसायिक स्वास्थ्य सुरक्षाको अबधारणाको विकासक्रम**

व्यवसायिक स्वास्थ्य सुरक्षा भन्ने अबधारणा प्रचलनमा आएको सन् १९१९ मा अन्तर्राष्ट्रिय श्रम संगठनको स्थापना भएपछि हो । नेपालको सन्दर्भमा भने विसं २०२८ ( सन् १९७१) मा उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भएपछि मात्र व्यवसायिक स्वास्थ्यको अवधारणाले प्रवेश गरेको पाईन्छ । यसै क्रममा नेपालमा विसं २०३८ (सन् १९८१) सालमा श्रम मन्त्रालयको स्थापना भयो । यसैगरि २०४२ (सन् १९८५) मा बैदेशिक रोजगार ऐन आयो र त्यसपछि श्रम विभागको नाम परिवर्तन गरेर श्रम तथा रोजगार प्रवर्धन विभाग कायम भयो र यसपछि श्रम समन्धी नीतिगत र कानूनी व्यवस्थामा थप फैलावट आयो ।

यसपछि नेपालमा श्रम ऐन २०४८ निर्माण भयो जसले श्रमिकका हक हितका कुरालाई ऐनमा सुनिश्चित गर्ने काम गऱ्यो । यसैलाई अझै प्रष्ट पारि लागु गर्न विसं २०७५ मा श्रम नियमावली बन्यो । यो भन्दा अगाडी विसं २०७३ मा राष्ट्रिय व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति बनेको थियो । जसले व्यवसायजन्य सुरक्षा र स्वास्थ्य र समन्धमा गरिनुपर्ने कुराहरु ब्यापक रुपमा उल्लेखित गरेको छ । यसैगरी विसं २०६२ मा श्रम तथा रोजगार नीति र विसं २०७१ राष्ट्रिय रोजगार नीति बनेपछि व्यवसायिक स्वास्थ्यको दायरा अझ बिस्तृत बन्न पुगेको छ। र यी नीतिहरुले श्रमिकको स्वास्थ्य सुरक्षाको सुनिश्चितता गर्ने प्रयास गरेका छन् ।

यसै बीचमा विश्वविध्यालयहरुले छुट्टै डिग्रिको रुपमा नभए पनि स्वास्थ्य, जनस्वास्थ्य वा इन्जिनियरिंग वा यस्तै अन्य विषय अन्तर्गत वा अन्य विषयको पाठ्यक्रमको एक अंशको रुपमा आफ्ना विद्यार्थीहरुलाई अध्यापन गराईरहेका छन् र स्नातक वा स्नातकोत्तर वा पिएचडी तहमा शोध पनि गराईरहेका छन् । यस्तै निर्माण वा श्रमिकको क्षेत्रमा काम गर्दै आईरहेका गैरसरकारी वा नीजि संघसंस्थाहरुले पनि विभिन्न कार्यक्रम बनाई लामा वा छोटा अवधिका तालीम वा अभिमुखिकरण कार्यक्रमहरु चलाईरहेका छन् । यस्तै एशियाली विकास बैंक लगायतका संस्थाहरुले पनि आफ्नो सहयोगमा संचालित विकास परियोजनाहरुमा व्यवसायिक स्वास्थ्य सुरक्षाको सुनिश्चिततालाई अनिवार्य गरेका छन् ।

यसरी विभिन्न समयक्रममा भएका यी विकासहरुले व्यवसायिक स्वास्थ्य सुरक्षालाई एउटा कार्यक्षेत्रको वा ज्ञान बिस्तारको लागिमहत्वपूर्ण बिधाको रुपमा स्थापित गराएका छन् ।

**व्यवसायिक स्वास्थ्य सुरक्षाका उदेश्यहरु**

१. कामदारहरुको शारीरिक, मानसिक र सामाजिक स्वास्थ्यलाई कायम राख्नु ।

२. कार्यक्षेत्रको अवस्थाको कारण कामदारको स्वास्थ्यमा आईपर्ने कठिनाईहरुलाई नियन्त्रण गर्नु ।

३. कामदारहरुको शारीरिक र मानसिक आवश्यकताको वातावरणको बारेमा जानकार हुनु ।

४. औद्योगिक सुरक्षा र व्यवसायिक चिकित्सा, औद्योगिक सरसफाई, तालीम र शिक्षा, मनोबिज्ञान र यस्तै अन्य समन्धीत कुराहरुद्वारा सृजित समस्याहरुको निराकरण गर्नु ।

५. कार्यक्षेत्रमा हुने दूर्घटनाहरुबाट हुने मानबिय , सामाजिक र आर्थिक क्षतिहरुको न्यूनिकरण गर्नु ।

**व्यवसायिक स्वास्थ्य र सुरक्षाको दायरा**

१. व्यवसायिक सुरक्षा - यस अन्तर्गत कार्यक्षेत्रमा हुने दूर्घटना र असुरक्षित कार्यअवस्था र कामदारहरुको असुरक्षित तरिकाले काम गर्ने बानिमा सुधार पर्दछ ।

**सुरक्षित तरिकाले काम गर्नु भन्नाले निम्न कुराहरु पर्दछन् -**

१.१ काम गर्दा शरीरलाई सुरक्षा दिने वा कामको दौरान शरीरका विभिन्न अंगहरु जोगाउने सुरक्षा कवचहरु (पिपिई) जस्तै - टाउको जोगाउन हेल्मेट, आंखा जोगाउन गगल्स, अनुहार छेक्न फेसशिल्ड वा भाईजर, कानको लागि ईयरप्लग वा ईयरमफ, श्वासप्रश्वास प्रणालीलाई बचाउन मास्क (सामान्य वा विशेष प्रकारको), हात जोगाउन उचित प्रकारको पञ्जा, शरीर जोगाउन परावर्तनिय (रिफ्लेक्टीभ) सेफ्टीज्याकेट, खुट्टा जोगाउन सेफ्टीबुट र उचाईमा काम गर्न डोरी सहितको सेफ्टी हार्नेस लगाउने ।

१.२ गहिरो खाडलमा काम गर्दा त्यहाँको अक्सिजनको तह परीक्षण गरि आवश्यक अक्सिजन भएमा मात्र काम गर्ने ।

१.३ गहिरो ट्रेन्चहरु खन्दा त्यहाँ बेन्चिंग र स्लोपिंग गर्ने ।

१.४ उचाईमा वा स्क्याफोल्डिंगमा काम गर्दा प्लेटफर्म र रेलिंगहरु राखेर मात्र काम गर्ने ।

१.५ काम भैरहेको स्थान वरिपरि हरियो रंगको जालि वा कडा खालको छेकवार प्रयोग गर्ने ।

१.६ कुनै पनि मेशिनको कामको लग शिट तयार गर्ने र त्यसको काम सकिएवपछि वा त्यसले काम गर्न छोडेपछि वा त्यसमा समस्या आएपछि त्यसलाई बन्द गरेर मात्र छोड्ने ।

१.७ परियोजना स्तरमा 'व्यवसायिक सुरक्षा नीति' बनाई लागु गर्ने ।

१.८ सुरक्षाका नियमहरु राम्ररी पालन गर्ने कामदारलाई पुरस्कार र पालना गर्न अटेरी गर्ने कामदारहरुलाई नसिहतको व्यवस्था गर्ने ।

१.९ हरेक कार्यस्थलमा काम सुरु गर्नुअघि र बीच बीचमा हाजार्ड आईडेन्टिफिकेशन तथा रिस्क एसेसमेन्ट गर्ने ।

१.१० हरेक शिफ्टमा काम सुरु गर्नुअघि कामदारहरुलाई त्यो दिनको काम र त्यसमा अपनाउनु पर्ने सुरक्षाको बारेमा जानकारी (टुलबक्स टक) दिने ।

१.११ कामदारहरुले ब्यक्तिगत सुरक्षाका साधनहरु प्रयोग गरे नगरेको नियमित रुपमा अनुगमन गर्ने ।

१.१२ कामदारहरुको व्यवसायिक स्वास्थ्य सुरक्षाको लागि २५ जना भन्दा बढी कामदार भएका परियोजनामा 'कामदारहरुको व्यवसायिक सुरक्षा समिति गठन गरि परिचालन गर्ने ।

२. व्यवसायिक स्वास्थ्य - कार्यक्षेत्रमा हुने कामसंग सम्बन्धीत स्वास्थ्य समस्या र बिमारीहरुको उपचार र ति समस्या वा बिरामी गराउने जोखिमहरुको पहिचान गरि तिनिहरुबाट गरिने बचावटका उपायहरु यस अन्तर्गत पर्दछन् ।

**यस अन्तर्गत कार्यक्षेत्रमा कार्यरत कामदारको स्वास्थ्य जोगाउनकोलागि निम्न कुराहरुको व्यवस्था गर्नु पर्दछ-**

२.१ कामदारहरुले पिउनको लागि पर्याप्त मात्रामा स्वच्छ पानी उपलब्ध गराउने ।

२.२ आवश्यक मात्रामा पर्याप्त पानी र अध्यारो हुन नदिन बत्ती राखिएका अनि नियमित रुपमा सफा राखिएका उचित सम्बातनयुक्त शौचालयहरुको व्यवस्था गर्ने ।

२.३ कार्यस्थलमा दूर्घटना भैहालेमा घाईतेलाई सुताएर उपचार गर्नको लागि म्याट, ब्ल्यांकेट र सिरानी सहितको प्राथमिक उपचार कक्षको व्यवस्था गर्ने ।

२.४ हरेक कार्यस्थलमा पर्याप्त औषधिसहितको प्राथमिक उपचार बाकस, स्ट्रेचर र स्ट्रेचरमा लाग्ने फित्ता सहितको ब्याकबोर्डको व्यवस्था गर्ने ।

२.४ कार्यस्थलमा हुन सक्ने आगलागीको नियन्त्रणकोलागि अग्नि नियन्त्रकको व्यवस्था गर्ने ।

२.५ कार्यस्थलमा दूर्घटना भैहालेमा घाईतेलाई तुरुन्त अस्पताल लैजानको लागि सुबिधायुक्त एम्बुलेन्सको ब्यबस्ता गर्ने ।

२.६ कार्यस्थलमा कुनै दूर्घटना भए प्राथमिक उपचार पश्चात थप उपचारको लागि पठाउननजिकको सुबिधायुक्त अस्पतालसित 'उपचार सम्झ्यौता' गर्ने ।

२.७ परियोजनामा हरेक १५ जना कामदारको लागि कम्तिमा एकजना तालिम प्राप्त प्राथमिक उपचारकको व्यवस्था गर्ने ।

२.८ बेला बेलामा दूर्घटनाको उचित व्यवस्थापनको लागि काल्पनिक दूर्घटना अभ्यास ( एक्सिडेन्ट ड्रील) को आयोजना गर्ने ।

२.९ कुनै पनि दूर्घटना पछि त्यसको कारणको बारेमा छानबिन गर्ने ।

२.१० दूर्घटना निवारणको लागि आबश्यक नीति तथा कार्यक्रम तय गरि लागु गर्ने ।

३.औद्योगिक सरसफाई - यस अन्तर्गत निर्माण क्षेत्रमा हुने भौतिक, रासायनिक जैबिक र मानबिय कारणले हुने जोखिम र तिनीहरुबाट न्यूनिकरणको लागि तिनीहरुको पहिचान , मूल्यांकन र नियन्त्रण आदि पर्दछ ।

**औद्योगिक सरसफाईमा निम्न लिखित कुराहरु पर्दछ ।**

३.१ कार्यक्षेत्रमा फोहर व्यवस्थापनको लागि कार्यबिधि वा निर्देशिका बनाएर लागु गर्ने ।

३.२ फरक फरक खालका फोहरकोलागि फरक फरक रंगका फोहर फ्यांक्ने डस्टबिनहरुको व्यवस्था गर्ने ।

३.३ कार्यक्षेत्रको नियमित सफाई गर्ने ।

३.४ सामानहरु राख्ने स्टोरलाई तालाबन्दी गरेर निश्चित ब्यक्तिको जिम्मामा छोड्ने ।

३.५ कामदारहरु क्याम्पलाई निश्चित मापदंड अनुसारको बनाउने ।

३.६ कामदारहरुले खाना बनाउने भान्सामा आबश्यक सफाई गर्ने ।

३.७ कामदारहरुले प्रयोग गर्ने शौचालयमा आबश्यक सम्बातन, बत्ती, पानी र सफाईका साधन राख्ने ।

३.८ कामदारहरुको आवासबाट निस्केको फोहर पानीलाई निश्चित तरिकाले बिसर्जन गर्ने ।

३.९ कार्यक्षेत्रमा निर्माणका सामाग्रीहरु थुपारेर नराख्ने ।

३.१० कामदारहरु सुत्ने ओछ्यान, प्रयोग गर्ने कपडा र खाना खाने भाँडाहरुको नियमित सफाईको व्यवस्था गर्ने ।

३.११ कामदारहरु सुत्ने कोठामा उचित दूरीमा उचित उचाईका खाट, सफा ओछ्यान र आबश्यक झुलको व्यवस्था गर्ने ।

१२. कामदारहरु सुत्ने कोठामा मुसा वा अन्य किरा फट्यांग्राहरु छिर्न नसक्ने गरि प्वाल टाल्ने र जालीले छोप्ने ।

**कार्यस्थलमा हुने मुख्य दूर्घटनाहरु**

नेपालको सन्दर्भमा कार्यस्थलमा हुने मुख्य दूर्घटनाहरु यस प्रकार छन् ।

१. चिप्लिनु, झर्नु, खस्नु ।

२. मांशपेशि मर्किनु ।

३. झरेका सामाग्रीले ठोकिएर चोट लाग्नु ।

४. शरीरका अंगहरुमा दबाब पर्नु ।

५. कुनै पनि कडा बस्तुमा ठोकिनु ।

६. शरीररका अंगहरु काटिनु वा घसारिनु र ज्यादा रक्तश्राब हुनु ।

७. श्वास प्रश्वासबाट बिषालु ज्ञाँसहरु शरीर भित्र प्रबेश गर्नु ।

८. चर्को आवाजले असर गर्नु ।

९. धारिला वा हानिकारक सामानहरुसंग ठोकिनु ।

१०. शरीर भित्र जस्तै आँखा, कान, नाक र मुखमा बाह्य बस्तुको प्रबेश हुनु ।

११. कार्यस्थलमा बिभिन्न बिषालु हानिकारक किराहरुले टोक्नु ।

१२. कार्यस्थलमा झैझगडा हुनु ।

**कार्यस्थलमा दूर्घटनाका कारणहरु**

१. कार्यस्थलमा असुरक्षित बातावरण हुनु ।

२. सुपरिबेक्षण, अनुगमन र मूल्यांकनअपर्याप्त हुनु ।

३. दूर्घटनाहरु अबश्यम्भावि हुन्छन् र यिनलाई घटाउन सकिदैन भन्ने धारणा हुनु ।

४. बित्तिय र ब्यबहारिक कारणले सुरक्षालाई कम प्राथमिकतामा राखिनु ।

५. सुरक्षा सम्बन्धी शिक्षा र तालीमको अभाव हुनु ।

६. सरकारद्वारा निर्मित सुरक्षा सम्बन्धी नीतिहरुको प्रभावकारी कार्यान्वयनमा कमि हुनु ।

७. दूर्घटनाहरुको नियन्त्रणको लागि आबश्यक उपायहरुको प्रयोगमा उदासिनता हुनु ।

**दूर्घटनाको निवारणको लागि आवश्यक कार्यहरु**

१. सधैं आफ्नो काम प्रति सजग रहने, गराउने ।

२. सूरक्षा चेतना र शिक्षालाई प्रबर्धन गर्ने ।

३. घाउचोट पटक र मांसपेशिका समस्याहरु प्रति सदा सचेत रहने ।

४. ब्यक्तिगत सुरक्षाका सामाग्रीहरुको अनिवार्य प्रयोग गर्ने गराउने ।

५. कार्यस्थलमा सूचना र संचार प्रभावकारी बनाउने ।

६. कार्यस्थलमा उपयुक्त प्रकारका लुगा कपडाको पहिरन गर्ने ।

७. सुरक्षाका जोखिमहरुको नियमित परिक्षण गरिरहने ।

८. दूर्घटना र जोखिमहरु घटाउने योजना तयार गर्ने ।

९. दूर्घटना र जोखिमहरु न्युनिकरण गर्ने नीति र योजना तयार गरि लागु गर्ने ।

१०. कामदारहरुलाई आबश्यक पर्दा मनोबैज्ञानिक परामर्श प्रदान गर्ने ।

११. हरेक रोजगारदाताहरुलाई व्यवसायिक सुरक्षाकालागि आबश्यक अव यबहरु तयार गर्न प्रेरित गर्ने वा गर्न लगाउने ।

१२. व्यवसायिक स्वास्थ्य सुरक्षाकालागि आबश्यक तालिम जस्ता जनशक्ति बिकासका कार्यक्रम चलाउने ।

१३. व्यवसायिक स्वास्थ्य सुरक्षाका लागि आबश्यक नियमन र अनुगमन प्रणालिको बिकास गरि लागु गर्ने ।

**व्यवसायिक स्वास्थ्य सुरक्षा र प्रबर्धनको लागि गर्नु पर्ने नीतिगत कार्यहरु**

व्यवसायिक स्वास्थ्यमा ध्यान पुग्न नसक्दा हाम्रो राष्ट्रिय उत्पादकत्वमा क्षति पुग्ने र उपचार तथा क्षतिपुर्तिमा ठूलो रकम खर्च हुने हुँदा यसको न्यूनिकरणकोलागिनीतिगत व्यवस्था हुन जरुरी छ ।

**यसमा निम्न कुराहरु गर्न आबश्यक छ ।**

१. हरेक प्रतिष्ठान र निर्माण क्षेत्रमा ब्यबसायिक स्वास्थ्य सुरक्षा नीति बनाई लागु गर्ने गराउने ।

२. हरेक प्रतिष्ठानमा श्रम ऐन लागु गर्न बाध्यकारी व्यवस्था गर्ने ।

३. हरेक प्रदेशमा 'श्रम तालिम केन्द्र' र 'परामर्श केन्द्रको' स्थापना गर्ने ।

४. फरक फरक खालका प्रतिष्ठान र फरक फरक खालका कामदारको लागि फरक फरक खालका निर्देशिका र कार्यविधि तय गर्ने ।

५. हरेक प्रतिष्ठानलाई आफ्ना कामदारको बिमा गर्न बाध्यकारी व्यवस्था गर्ने ।

६. हरेक कामदारलाई काम शुरु गर्नु अघि सम्बन्धित कामको बारेमा आधारभूत तालिम दिन अनिवार्य गर्ने ।

७. हरेक प्रतिष्ठानमा काम गर्ने कामदारको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था गराउने ।

८. हरेक प्रतिष्ठानहरुमा नियमित अनुगमन गर्ने गराउने ।

९. नेपालको लागि आफ्नै 'राष्ट्रिय व्यवसायिक सुरक्षा सम्बन्धी सर्भेक्षण' गर्ने ।

१०. नेपालमा भैरहेका व्यवसायिक घटना र दूर्घटनाहरुको लागि यौटा अलग्गै सूचना प्रणालीको बिकास गर्ने ।

११. हरेक प्रदेश र स्थानीय तहमा व्यवसायिक स्वास्थ्य सूरक्षा सम्बन्धी जागरण ल्याउने कार्यक्रमहरु संचालन गर्ने । ( लेखक व्यवसायिक स्वास्थ्य सुरक्षा विज्ञ हुन्।) स्वास्थ्य खबरबाट

# मधेश प्रदेश क्रिकेट छनोट खेलमा पर्सा र रौतहट बिजय

**राजबिराज**/पाँचौ संस्करणको प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता अन्तर्गत मधेश प्रदेश सिनियर एकदिवसिय क्रिकेट छनोट खेलमा पर्सा र रौतहट बिजय भएका छन ।

शनिवार राजबिराजमा भएको छनोट खेलमा पर्साले सर्लाहीलाई ८ बिकेटले र रौतहटले बारालाई ६ बिकेटले पराजित गरेको हो ।

स्थानिय पबिमावि खेलमैदानमा टस जितेर सर्लाहीले २९ ओभर ४ बल खेल्दै ८१ रनको सानो योगफल खडा गरेको थियो । बिवेक ठाकुर ४० रन, रंजित यादब ११ रन जोडे । बलिंग तर्फ पर्साका रंजित कुमार ४ बिकेट, ब्यास यादब ३, सम्साद अन्सारी २ र अलफाज अन्सारी १ बिकेट लिएका थिए ।

जवाफमा पर्साले १० ओभर १ बलमा २ बिकेट गुमाएर बिजय भएका थिए । जसमा ईमरान शेखले सर्वाधिक ४४ रन, सुरज कुरमी १८ रन अविजित र सन्तोष कार्कीले १७ रन बनाएपछि जित सहज भएको हो । यता बलिंग तर्फ सर्लाहीका विशाल पटेलले २ बिकेट लिएका थिए । खेलको म्यान अफ दि म्याच पर्साका रंजित कुमार घोषित भएका थिए ।

यसैगरी मबिव खेलमैदानमा बारा र रौतहट बिच भएको दोस्रो खेलमा टस जितेर बाराले ३४ ओभर १ बलमा सबै बिकेट गुमाई १ सय ४० रनको योगफल खडा गरेका थिए । जसमा मेगराज महरा २९ रन, मोहम्मद आदिल आलम अन्सारी, निखिल सिँह १६/१६ रन र निकेश गुप्ता १५ रन,अरनिको यादब १३ रन जोडेका थिए ।

बलिंग तर्फ रौतहटका नितेश यादब र राजेश यादब, सागर पासवान ३/३ बिकेट, शनि साह १ बिकेट हात पारेका थिए । जवाफमा रौतहटले २६ ओभर ३ बलमा ६ बिकेट गुमाएर बिजय भएका थिए । जसमा शनि साह ४४ अरबिन जयसवाल ३० रन, राज पटेल २१ र सुरज साह २० रन बनाएपछि टिमलाई जित्न सहज भएको थियो ।

बलिंग तर्फ बाराका जितेन्द्र यादब २ बिकेट र कुमार थापा तथा मोना हवाडीले १/१ बिकेट हात परेपनि जितका लागि प्रयाप्त बिकेट लिन सकेन । खेलको म्यान अफ दि म्याच रौतहटका राजेश यादब घोषित भएको सप्तरी क्रिकेट सँघका सदस्य शम्भु दासले जानकारी दिए ।

# विषादी कारोबारलाई सुरक्षित बनाउने उद्देश्यले परिक्षा प्रणाली



**राजविराज**/विषादीको असुरक्षितको कारोबारलाई सुरक्षित र भरपर्दो बनाउन कृषि ज्ञान केन्द्र सप्तरीले कारोबारीलाई अनुमति पत्र प्रदानका लागि आवश्यक तालिमसहित पूर्वपरिक्षा लिएको छ ।

राजविराजस्थित सो कार्यालयले लिएको पूर्वपरिक्षामा २३ महिलासहित १ सय ६७ जना सहभागि भएका छन् । असुरक्षित तरिकाबाट भइरहेको विषादीको कारोबारलाई व्यवस्थित बनाउने लक्ष्यका साथ परिक्षा आयोजना गरिएको कृषि ज्ञान केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादवले जानकारी दिए ।

असुरक्षित तरिकाबाट विषादी कारोबार भइरहदा समाजमा विभिन्न खाले अपराधीक घटना समेत हुन थालेपछि विषादीको कारोबारी र यस कारोबारमा आउन चाहने इच्छुक व्यक्तिलाई तालिममा सहभागि गराई परिक्षा लिइएको उनको भनाई छ ।

पहिलो चरणमा ३५ जनाको मात्र छनौट गर्नु पर्ने भएपनि आवेदकको संख्या चौब्बरभन्दा पनि बढी देखिएपछि परिक्षा प्रणाली अपनाइएको उनले बताए ।

जिल्ला भरबाट आएका विषादी बिक्रेता तथा इच्छुक बिक्रेताहरुलाई ५० मिनेटको समय दिई कृषि विषादी सम्बन्धी ५८ वटा बस्तुगत प्रश्नहरु समावेश गरि परिक्षा लिइएको प्रमुख यादवले जानकारी दिए ।

पूर्वपरिक्षामा उत्तिर्ण भएकाहरुलाई प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र हरिहर भवन ललितपुरबाट आउने कृषि विज्ञहरुको टोलीद्वारा तालिम र अन्तिम परिक्षा लिइने कार्यतालिका रहेको छ । सो परिक्षामा उत्तिर्ण हुनेहरुलाई विषादी बिक्रि बितरणको अनमतिपत्र प्रदान गरिने कृषि ज्ञान केन्द्र सप्तरीले जनाएको छ ।

कृषि ज्ञान केन्द्रले यसअघि बिऊ बिजन व्यवसायलाई सुरक्षित, भरपर्दो, व्यवस्थित र फलदायी बनाउन गत भदौं २९ गते बिक्रेता अनुमतिपत्रका लागि पनि परिक्षा बिधीकै प्रयोग गरेको थियो ।

---

***शोषित उत्पीडित...***

शोषण, दमन एवम् अत्याचारबाट मुक्ति दिलाउने जिम्मा जसपाको रहेको उल्लेख गर्दै उनले अधिकार र बिकास सँग सँगै अगाडि बढाउने जिकिर गरे ।

अध्यक्ष उपेन्द्र यादवले मधेश बिद्रोहबाट संघियता र समाबेशी, समानुपातिक प्रणाली स्थापित गराउन जसपा पार्टीले ठुलो भुमिका निर्वाह गरेको चर्चा समेत गरे ।

उनले बिकास र अधिकारले समाजको रूपान्तरण गरी विभेद, असमानताको अन्त गरी सबैलाई रोजगार सबैलाई अनिवार्य शिक्षा पाउने अधिकारलाई आत्म साथ गर्दै बिकसित जिल्लाको रूपमा परिवर्तन गर्न प्रतिबध रहेको उल्लेख गरे ।

सप्तरी निर्वाचन क्षेत्र नं. २ प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार समेत रहेका अध्यक्ष यादबले जसपाले काँग्रेस लगायतका ठूला पार्टीहरुले मधेश र मधेशी जनतालाई शोषण मात्र गर्दै आएको आरोप लगाए ।

पहिचान, स्वाभिमान, समावेशिता र समानताका लागि आफुहरु पार्टीको स्थापनाकालदेखि नै संघर्ष गर्दै आएको चर्चा गर्दै अध्यक्ष यादवले शोषण, दमन एवम् विभेदमा पारिएको समुदायका लागि अझै संघर्षरत रहेको चर्चा गरे ।

अबको वैकल्पिक शक्तिको रुपमा जसपा नेपाल मात्र रहेकोले आउने निर्वाचनमा जनताले मतदान गरेरै आफ्नो अभिमत जाहेर गर्ने उनले विश्वास व्यक्त गरे ।

आफुले सप्तरीमा नर्सिङ्ग कलेज, इन्जिनियरिङ्ग कलेज, रामराजा सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, कृषि विश्वविद्यालय सय शैय्याको अस्पताललाई ४ सय २० बेडको सुविधा सम्पन्न अस्पताल, सडक सञ्जाल विस्तार, विद्यालय भवन निर्माण लगायतका कामहरु गरेको जानकारी गराए ।

राजबिराज नगरपालिका २ का अध्यक्ष अरूण यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा पार्टीका नेता समेत रहेका राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, संविधान सभा सदस्य रन्जु ठाकुर, जसपा नेता अमृत साफी, नेपाल आदिवासी जनजाती महासंघ सप्तरीका अध्यक्ष अरूण प्रधान, नेकपा एमाले स्थानिय नेता मो.समिम अहमद लगायतले मन्तब्य व्यक्त गरेका थिए ।







डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

Phone : 031-533774

Mo. No : 9819721526, 9852820734


## अन्तर्राष्ट्रिय समाचार

### नौ महिने छोरीको हत्या गर्ने बाबुलाई मृत्युदण्ड

**म्याकलेस्टर**/ओक्लाहोमामा नौ महिनाकी छोरीको हत्या गरेको अभियोगमा एक पितालाई २० वर्षपछि मृत्युदण्ड दिइएको छ । बेन्जामिन कोल गम्भीररूपमा मानसिक बिरामी भएको उनको वकिलहरूले दाबी गरे पनि ओक्लाहोमाको म्याकलेस्टर कारागारमा तीनवटा घातक औषधिको माध्यमबाट उनलाई मृत्युदण्ड दिइएको हो । गत वर्षदेखि ओक्लाहोमा राज्यमा मृत्युदण्डको सजाय पुनः लागु भएपछि मृत्युदण्ड पाउने उनी छैटौं कैदी हुन् ।

स्टेचरमा बाँधिएका कोलले इशा मसीहलाई केही क्षण सम्झिएका थिए । त्यसपछि उनलाई दश बजेर छ मिनेट जाँदा घातक औषधि दिइएको थियो । दश बजेर १२ मिनेट जाँदा उनी बहोस भइसकेका थिए । त्यसपछि पनि मृत्यु कक्षमा उनी घुरेको आवाज सुनिएको थियो । अन्ततः कारागार प्रशासनले १० बजेर २२ मिनेटमा उनलाई मृत घोषणा गऱ्यो । कोलले सन् २००२ मा आफ्नी नौ महिनाकी छोरी ब्रायना कोललाई जबरजस्ती पछाडि झुकाएर उनको मेरुदण्ड भाँच्नका साथै रक्त धमनी च्यातेर मारेका थिए । गम्भीर रूपमा मानसिक बिरामी उनले उक्त अपराध गरेको उनका वकिलहरूले स्वीकार गरेका छन् ।

मृत्युदण्डबाट बचाउन राज्यको क्षमादान समितिसमक्ष गरिएको अपिलका पक्षमा एक मत परेका थियो भने विपक्षमा तीन जनाले मतदान गरेका थिए । नवजात शिशुको हत्याबाट पीडित भएका परिवारका सदस्यले समितिसमक्ष क्रुर हत्याका निम्ति कोलले मृत्युदण्ड पाउनुपर्ने दलिल प्रस्तुत गरेका थिए । भिडियो गेम खेलिरहेका बेला छोरी रोएपछि आक्रोशित भएका उनले शिशुको ज्यान लिएका थिए । अभियोजकहरूले पनि कोल गम्भीर मानसिक बिरामी नभएका र संविधान तथा न्यायशास्त्रमा उनको मृत्युदण्ड रोक्ने कुनै व्यवस्था नभएको बताएका छन् । एजेन्सी

### राष्ट्रपति सी तेस्रो कार्यकालका लागि अनुमोदित हुँदै

**बेइजिङ**/चिनियाँ कम्युनिष्ट पार्टीले शनिबार सी जिनपिङको नेतृत्वमा रहेको "मूल स्थिति"लाई समर्थनसहित पारित गरेको छ । जारी चिनियाँ कम्युनिष्ट पार्टीको महाधिवेशनको समापनपछि उहाँ तेस्रो कार्यकालमा निर्वाचित हुने लगभग निश्चित छ । सबै पार्टी सदस्य पार्टी केन्द्रीय समिति र समग्र पार्टीपङ्क्तिले पार्टी महासचिव सी चिनफिङको राजनीतिक र पदीय स्थितिलाई समर्थन गर्ने तयारीमा छन् । योसँगै उहाँ राष्ट्रपतिको तेस्रो कार्यकालका लागि निर्वाचित हुँदै हुनहुन्छ । एजेन्सी

### काबुलमा ६ आईएस लडाकू मारिए

**काबुल**/अफगान सेनाले राजधानी काबुलमा प्रतिद्वास्न्द्वी आइएस वा इस्लामिक स्टेट (आईएस) सङ्गठनका सदस्य लुकेको ठाउँमा आक्रमण गरी छ जना लडाकूलाई मारेको अफगान कार्यवाहक सरकारका मुख्य प्रवक्ता जबिहुल्लाह मुजाहिदले शनिबार बताएका छन् । "इस्लामिक इमिरेट्सको विशेष एकाइको बलले हिजो आइएस लडाकुको लुकेको ठाउँ पत्ता लगाई दुई जना लडाकुहरू पक्राउ गरेको थियो । मारिएका केही विद्रोही वजिर अकबर खानको मस्जिद र दश्त-ए-बर्ची जिल्लाको कलेजमा भएका घातक आतङ्कारी हमलाहरूमा संलग्न थिए जसले हप्ता अघि दर्जनौं मानिसलाई मारेका थिए । मुजाहिदले पनि कारबाहीका क्रममा एक सुरक्षाकर्मी मारिएको र अर्का एक घाइते भएको पुष्टि गरेका छन् । अफगानिस्तानमा आईएस समूह विरुद्धको यो दोस्रो अपरेशन हो । केही दिन अघि उत्तरी कुन्दुज प्रान्तमा अफगान सेनाले यस्तै कारबाहीमा पाँच आईएस लडाकू मारेको थियो । एजेन्सी

### श्रीलंकाली राष्ट्रपतिको अधिकार कटौती

**कोलम्बो**/श्रीलङ्काको संसद्ले कार्यकारी राष्ट्रपतिका केही अधिकार कटौती गर्नेगरी संविधानको २२औं संशोधन पारित गरेको छ । संसद्मा दुई तिहाई बहुमतले पारित गरेको सो संशोधनमा राष्ट्रपतिका केही मुख्य अधिकार कटौती गरिएका छन् । जम्मा १७४ सदस्यले संशोधनकाक पक्षमा मतदान गरेका छन् भने विपक्षमा एक मत पनि परेको छैन । यद्यपि एक जना सदस्यले मतदान प्रक्रियामा सहभागी नभएको श्रीलङ्काली मिडिया आउटलेट डेली मिररले उल्लेख गरेको छ ।

श्रीलङ्कालीले गरिरहेका मागमध्ये एउटा प्रमुख माग भनेको २०औं संशोधनको विषय पनि हो। २०औं संशोधनले अधिकांश संवैधानिक अधिकार राष्ट्रपतिलाई फिर्ता ल्याएको थियो जुन यसअघि १९औं संशोधनमा खारेज गरिएको थियो । श्रीलङ्काको संविधानमा १९औं संशोधन (१९ क) पारित गर्दै कार्यकारी राष्ट्रपतिको शक्तिलाई कमजोर बनाउने बनाएको छ ।

योसँगै २२औं संशोधन जसलाई २१ क नाम दिइएको थियो र २० कलाई प्रतिस्थापन गर्न ल्याइएको थियो । यो संशोधन यस्तो समयमा आएको छ जुन श्रीलङ्का सन् १९४८ मा बेलायती शासनबाट मुक्त भएयता सबैभन्दा खराब आर्थिक र राजनीतिक सङ्कटको सामना गरिरहेको छ । विदेशी मुद्रा सञ्चितिको चरम अभावले इन्धन अभाव, विद्युत कटौती र खाद्यान्नको मूल्यवृद्धिले देशको अर्थतन्त्र टाँट पल्टिएको छ भने जनतामा चरम निराशा र आक्रोश छ । एजेन्सी

# जनप्रतिनिधिहरू बालबालिकाप्रति गम्भीर हुनुपर्नेमा जोड



**राजबिराज**/गुणस्तरिय शिक्षा, स्वास्थ, वालविवाह न्युनिकरण गर्ने तर्फ जनप्रतिनिधिहरू गम्भीर हुनुपर्नेमा बालवालिकाहरूले जोड दिएका छन ।

सेभ द चिल्ड्रेन संगको साझेदारीमा सबल नेपालद्वारा संचालित सिडा प्रोजेक्टद्धारा सूरुङ्गा नगरपालिका अर्न्तगतको वडा नं ५ कुशहाको कर्भडहलमा बाल सम्बाद (बाल कचहरी) कार्यक्रममा सो कुरामा जोड दिएका हुन् ।

उनीहरूले बिद्यालयमा शिक्षण सिकाईलाई अझ प्रभावकारी बनाई गुणस्तरिय शिक्षालाई मजबुत बनाउन जनप्रतिनिधिहरूले जिम्मेवार हुनुपर्नेमा वालवालिकाहरूले जोड दिए ।

मुख्यरुपमा समाजमा भईरहेको बालबिबाह, कुलतमा भसेका, विद्यालय तथा स्वास्थ्य व्यवस्थापन, गुणस्तरीय शिक्षा तथा सेवा आदि बारे स्थानिय निकायको भुमिका तथा जिम्मेवारी बारे लगायतका प्रशनहरु जनप्रतिनिधिहरू सँग सहभागि बालवालिकाहरुले सम्वाद गरेको सबल नेपालका कार्यक्रम संयोजक रोशन मण्डलले जानकारी दिए ।

सूरुङ्गा नगरपालिका नगर बाल संजालका अध्यक्ष सुस्मिता राउतको अध्यक्षतामा एवं नगर उपप्रमुख रुद्र बहादुर कार्कीको प्रमुख अतिथिमा संचालन भएको उक्त कार्यक्रममा विभिन्न वडाका वडा अध्यक्ष, नगरपालिका अन्तर्गत विभिन्न शाखाका शाखा प्रमुखहरु, विभिन्न विद्यालयका शिक्षकहरु, विभिन्न स्वास्थ्य संस्थाका प्रमुखहरु तथा सबल नेपालका सम्मुनति परियोजना तथा सिडा परियोजनाका कर्मचारीहरु लगायत विभिन्न वडा तथा वाल क्लवहरुका १०० भन्दा बढि वालवालिकाहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा खुल्ला रुपमा सबाल जबाफ चलेको थियो जसमा बालबालिकाले अधिकांस प्रश्नहरु जनप्रतिनिधिहरु लाई सोधेका थियो । बालवालिकाहरूले अधिकांस प्रशनको जवाफ नगर उप प्रमुख रुद्र बहादुर कार्कीले वालवालिकाहरूले उठाएका प्रश्नको जवाफ दिईदै गुणस्तरिय शिक्षा, बिद्यालय स्वास्थ सुधार प्रति गम्भीर रहेको बताए ।

"बाल मैत्री सामाजको आधार, जिम्मेवार परिवार उत्तरदायी सरकार" भने नाराका साथ आयोजना गरीएको उक्त वाल सम्बार कार्यक्रममा कार्यक्रम संयोजक निर बहादुर आलेबाट बाल संरक्षण नीति तथा जवाफदेहिता बोर्ड बारे सबैमा जानकारी गराईएको थियो ।

## सप्तरी २ को ...

त्यती बेला उनको निकटम प्रतिद्वन्दी रहेका माओवादी केन्द्रका सरोज मंडल पार्टी परिवर्तन गर्दै अहिले लोसपाबाट फेरी उम्मेदवारी दिएपछि शैलेन्द्रका लागि चुनौती बनेका छन् । शैलेन्द्रलाई यसपल्ट तत्कालिन राजपा र हालका लोसपाको पनि साथ छुटेको छ ।

२०७४ को स्थानीयतहको निर्वाचनमा राजपाबाट तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष पद जितेका हाल जनमत पार्टी प्रवेश गरी उम्मेदवार बनेका सतिषको पनि यस क्षेत्रमा बलियो पकड रहेको धेरै को आंकलन छ । यसै क्षेत्रको प्रतिनिधि सभा सदस्यका लागि उम्मेदवार बनेका जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउतको साथ पनि सतिशले पाउने धेरैले अनुमान व्यक्त गरेका छन् । मधेश प्रदेश क्रिकेट संघका सदस्यसहित विभिन्न आधा दर्जन सामाजिक संघ/संस्थामा आबद्ध समेत रहेका सिंह पहिलो पल्ट प्रदेशसभा सदस्यका लागि निर्वाचनमा उम्मेदवार बनेपछि दुबै गठबन्धनको समेत मत तानेर चुनाव जित्ने दाउमा छन् । उनको उम्मेदवारीले पनि मन्त्री शैलेन्द्रलाई चुनौति थपिएको अनुमान गरिदै छ ।

जसपा-एमाले गठबन्धनका उम्मेदवार मन्त्री शैलन्द्र पनि मधेश आन्दोलनका क्रममा अग्रमोर्चामा थिए । तर अहिले नागरिक्ता विधेयक प्रमाणिकरणमा एमाले र राष्ट्रपतिको भुमिका तथा मधेश आन्दोलनका बेलामा मधेश विरोधी अभिव्यक्ति दिएको भन्दै एमाले अध्यक्ष केपी ओली विरुद्ध आक्रोश कायमै रहेको बेला सोही पार्टीसँग यसपटक जसपाले गठबन्धन गरेको प्रति नकारात्मक टिप्पणी समेत उठ्ने गरेको छ ।

एमालेसँगको गठबन्धनलाई तालमेल मात्र भएको बताउँदै आएका उनी पछिल्लो ५ वर्षमा आफुले गरेको विकासले मतदाताको मन र निर्वाचन दुवै जित्ने दावी गर्दै आएका छन् । चुनावी घरदैलोका क्रममा सबै उम्मेदवारले विकास निर्माण र मधेशको मुद्दालाई प्राथमिकताका साथ उठाएका छन् ।

हार्दिक मंगलमय शुभकामना




२०७९ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



विश्वनाथ मण्डल
अध्यक्ष, तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड, परिवार
राजविराज ९, मलेठ, सप्तरी

# स्वच्छता तथा सरसफाइ सम्बन्धी कार्यशाला गोष्ठी सम्पन्न




**राजविराज**/नेपाल युनाइट्सको आयोजना शनिबार राजविराजस्थित गुलशन बेसिक स्कुलमा स्वच्छता तथा सरसफाइ सम्बन्धी एक दिने कार्यशाला गोष्ठी सम्पन्न गरिएको छ ।

नेपाल युनाइट्सका अध्यक्ष मोहम्मद जियाउल रहमानको अध्यक्षता तथा मो. रहमानको प्रमुख आतिथ्यमा आयोजित कार्यशालामा चनौरा, पडरिया र रहमतपुरका ४० महिला तथा ५ जना पुरुषको सहभागिता रहको थियो ।

उक्त कार्यशालामा राजविराज नगरपालिका वडा नं. १ डुमरी हेल्थ पोष्टका इन्चार्ज अमर आनन्द तथा सिअनमी रिंकु मिश्रले प्रशिक्षण दिएका थिए ।

चाडवाडको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु, धेरै चिल्लो तथा गुलियो भएको खानेकुरा आवश्यकता भन्दा बढी उपभोग नगरौं ।
- खानेकुराहरु सुरक्षित राखेर मात्र उपभोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको खानेकुरा उपभोग नगरौं ।
- मासु तथा धेरै चिल्लो भएको खानेकुरा खाँदा सन्तुलन मिलाएर उपभोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : saptahiknavin@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np